# लिखु पिके गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु ।
१ नं. प्रदेश, नेपाल


प.सं.:०७८/७९
च.नं.:

मितिः२०७९/०३/१३

श्री जो जससँग सम्बन्ध राख्दछ ।

**बिषयः जानकारी गराइएको बारे ।**

उपरोक्त सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न.५९२ मिति २०७८/१२/१६ तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.४४५ मिति २०७८/१२/२८ को प्राप्त पत्रअनुसार मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापत मासिक खर्च रु ५,०००। (अक्षेरुपी पाँच हजार रुपैया मात्र) उपलब्ध गराइने भन्ने कार्यबिधि २०७८ आएको हुँदा सो सम्बन्धी तपशीलको आधारमा कागजात लिई लाभग्राही आएमा मात्र उल्लेखित रकम पालिकाबाट उपलब्ध गराइने कुरा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

**तपशीलः**

| आबश्यक कागजातहरु | रकम उपलब्ध नहुने अबस्थाहरु |
|---|---|
| १.नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>२.नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपी<br>३.अनुसुची १ बमोजिम चिकित्सकको सिफारिस | १.नेपाल सरकारको पुर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संघठनबाट रोजगारी ,पेन्सन प्राप्त गरिरहेको व्यक्ति |
| ४.मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपी<br>५.लाभग्राही अनुसुची २ बमोजिमको निवेदन<br>६.सम्बन्धित वडाको सिफारिस<br>७.सम्बन्धित व्यक्तिको बैंक खाता नं. वा इच्छाइएको व्यक्तिको नाता प्रमाणित सहित बैंक खाता नं. हुनुपर्ने छ । | २.नेपाल सरकारबाट उपलब्ध गराइदै आएको जेष्ठ नागरिक भत्ता ,दलित भत्ता,अपाङ्ग भत्ता लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको मासिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराइने मध्ये कुनै एक किसिमको भत्ता वा मासिक बृत्ति मात्र प्राप्त गर्ने छ।<br>त्यसैगरी एक भन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैन। |

नोटःथप जानकारीको लागी पालिका स्वास्थ्य शाखामा सम्पर्क गर्नुहुन ।

स्वास्थ्य शाखा प्रमुख
ज्ञानु कार्की

प्रमुख प्रशासकीय अधिकृत
पुष्पलाल धमला


फोन नं. :- ०२५-६९७४५५, ईमेल : likhupikerm@gmail.com,info@likhupikemun.gov.np वेबसाइट :-www.likhupikemun.gov.np